नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
# परियोजना कार्यान्वयन एकाई
जितपुर , कपिलवस्तु

## परियोजना कार्यान्वयन एकाई कपिलवस्तुमा आवद्धताका लागि सुचिकृत गर्ने सम्वन्धि सूचना

सूचना प्रकाशन मितिः २०७८/०४/१७

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाई, कपिलवस्तु अन्तरगत विविध कार्यक्रमहरु बाणगंगा, बुद्धभुमी, शुद्धोधन ,मायादेवी ,शिवराज , महाराजगंज र कपिलवस्तु नगरपालिकाका विभिन्न वडाहरुमा संचालन भइरहेको छ । यसै सन्दर्भमा, परियोजना कार्यान्वयन एकाईले चालु आ.व. २०७८/०७९ का लागि गत बर्ष कारणवश छुट भएका क्रियाशिल **कृषक समूह/ कृषि सहकारी/ कृषि उद्यमीहरूको** आवद्दताका लागि परियोजना कार्यान्वयन इकाई कपिलवस्तु बाट निर्धारित ढांचाको आवेदनसाथ आवश्यक कागजातहरु सहित सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र परियोजनाको कार्यालय ४ नं जीतपुरमा आवेदन पेश गर्नुहुन अनुरोध छ ।

| | |
|---|---|
| परियोजना कार्यान्वयन हुने क्षेत्रहरू | १. **धान सुपरजोनको** बाणगंगा नगरपालिकाका १ देखि ११ वडाहरु, बुद्धभुमी नगरपालिकाका १,२,३ र ४ वडा, कपिलवस्तु नगरपालिकाका ७,८,९,१० र ११ वडाहरु, शुद्धोधन गाँउपालिकाका १ देखि ६ वडाहरु र मायादेवी गाँउपालिकाका १ देखि ८ वडाहरु<br>२. **माछाजोन** को बाणगंगाको १ देखि ११,बुद्धभूमीको १ देखि १० ,शिवराजको १,२,३,४ र ६ महाराजगन्जको ११ न वडा<br>३. **तरकारी जोन** को क.व.न.पा. ३ देखि १२ , मायादेवी ५,६ र ७ र बुद्धभूमी १० वडाहरु |
| हुनुपर्ने न्युनतम पूर्वाधार | (क) सडकको पहुँच भएको वा हुनसक्ने (ख) सिंचाईको उपलब्धता भएको वा हुनसक्ने (ग) विधुतको उपलब्धता भएको वा हुनसक्ने (घ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा एउटै कोरिडोरमा रहेको ङ) वित्तिय संस्थाहरूको पंहुच भएको च) वजारको उपलव्धता भएको वा हुन सक्ने |

आवेदनका साथ संगलग्न गर्नुपर्ने कागजातहरु

१. रु १० को टिकेट टाँस गरेको आवेदन ।
२. कृषक समूह/सहकारी/कम्पनी/फर्मको आवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
३. कृषक समूह/सहकारी/कम्पनी/कृषि उद्यमी दर्ताको नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी ।
४. कृषक समूह/सहकारी/कम्पनी/कृषि उद्यमीको परियोजनामा आवद्दता सम्वन्धि निर्णयको प्रतिलिपी ।
५. सम्वन्धित गाँउ पालिका/ नगरपालिका वा वडा कार्यालयको परियोजनामा आवद्दताका लागि सिफारिश पत्र।
६. कृषक समूह /सहकारी /फर्म को नाममा रहेको पान नं. प्रमाण पत्रको प्रतिलिपी ।
७. करचुक्ता प्रमाण पत्र
८. आ.व.२०७७/०७८ को लेखा परिक्षण प्रतिवेदन ।
९. लालपूर्जाको प्रतिलिपि

पुनश्चः- आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात नपुगेमा परियोजना कार्यान्वयन एकाई कृषक समूह/सहकारी/कम्पनी/कृषि उधमीको सुपरजोनमा आवद्दता लागि बाध्य हुने छैन ।

विस्तृत जानकारीका लागि :- परियोजना कार्यान्वयन एकाई, जितपुर कपिलवस्तु तथा जोन प्राविधिक एकाई , तौलिहवा सम्पर्क गर्नुहोला ।
सम्पर्क नं०७६५५०३४७ .
आवेदनको अन्तिम मिति : २०७८/०५/१४

राकेश कुमार ओझा
वरिष्ठ कृषि अधिकृत